# मिति २०७९ साल चैत्र ३० गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय

**प्रस्तावित विषयहरु:**

१. समिक्षा सम्बन्धमा।

२. भू-उपयोग क्षेत्र वर्गीकरण मापदण्ड तथा आधार सम्बन्धी कार्यविधि सम्बन्धमा।

३. सडक वर्गिकरण सम्बन्धमा।

४. राष्ट्रपति रनिंग सिल्ड कार्यक्रममा बजेट थप सम्बन्धमा।

५. स्थानीय बिदा सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा बैठकमा प्रस्तुत यस गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण मापदण्ड तथा आधार सम्बन्धी कार्यविधि, २०७९ को मस्यौदा सदस्यलाई वितरण गरी आगामि कार्यपालिका बैठकमा स्वीकृत लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकाको पूर्वाधार व्यावस्थापन ऐन, २०७५ अनुसार वडा तथा गाउँपालिकाभित्रका सडकहरुको नामाकरण तथा वर्गिकरण सरोकारवालासँगको छलफल तथा वडा समितिको बैठकको निर्णय अनुसार सम्पादन गरी आगामि गाउँ कार्यपालिका बैठकमा पेश गर्न वडा समितिलाई परिपत्र गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा मिति २०७९/१२/१२ गतेको गाउँ शिक्षा समितिको निर्णय अनुसार राष्ट्रपति रनिंग सिल्ड प्रतियोगिता, २०७९ सञ्चालनको लागि अपुग रकम रु.२,५०,०००।०० विविध कार्यक्रम खर्च शिर्षकबाट व्ययभार हुने गरी व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**५. निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा गाउँपालिका तथा सुनुवार समाजको संयुक्त आयोजनामा यस गाउँपालिका वडा नं. ९ मा सञ्चालन हुने सुनुवार कोईच महोत्सवको उपलक्ष्यमा मिति २०८० बैशाख ५ गते यस गाउँपालिका भरी लागु हुने गरी स्थानीय सार्वजनिक बिदा दिने सर्वसम्मत निर्णय गरियो।